# वैज्ञानिक अनुसन्धान प्रवर्द्धनका लागि लागत साझेदारी मापदण्ड, २०७८

GPAST

गण्डकी प्रदेश बिज्ञान तथा प्रबिधि प्रतिष्ठान

पोखरा

प्रतिष्ठानबाट वैज्ञानिक अनुसन्धान प्रवर्द्धनको लागि उपलब्ध गराईने लागत साझेदारीलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनिय भएकोले प्रतिष्ठानले यो मापदण्ड बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "वैज्ञानिक अनुसन्धान प्रवर्द्धन लागत साझेदारी मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड प्रतिष्ठानको कार्यकारी परिषदबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :** (१) "कार्यक्रम" भन्नाले प्रतिष्ठान बाट सञ्चालन हुने लागत साझेदारी प्रवाह सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ।

(२) "छनौट समिति" भन्नाले दफा ९ बमोजिमको छनौट समिति सम्झनु पर्दछ।

(३) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(४) "लागत साझेदारी" भन्नाले प्रतिष्ठानले तोकेको विषय अथवा क्षेत्रमा वैज्ञानिक खोज अनुसन्धानमा वा अध्ययनका लागि उपलब्ध गराईने आर्थिक सहयोग सम्झनु पर्दछ।

(५) "लागत साझेदारीग्राही" भन्नाले यस मापदण्ड बमोजिम छनौट भएका वैज्ञानिक खोज तथा अनुसन्धानमा संलग्न संघ, संस्था तथा विज्ञान अध्ययापन हुने अध्ययन संस्थान समेतलाई जनाँउदछ।

३. **लागत साझेदारी उपलब्ध गराउन सक्ने**: प्रतिष्ठानले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम उपकरण डिजाईन, औद्योगिक उत्पादनको Prototype/Model/Design तथा अन्य वैज्ञानिक परामर्श सँग सम्बन्धित कार्यहरु गर्न लागत साझेदारी उपलब्ध गराउन सक्नेछ।

४. **लागत साझेदारीको सूचना र लागत साझेदारीग्राहीको छनौट**: (१) लागत साझेदारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम व्यक्ति तथा संस्थाहरुसम्म सूचनाको पँहुच पुग्ने गरी आवेदन मागको लागी कम्तीमा ३० दिनको सूचना प्रकाशन प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानबिन गरी छनौटका लागि प्रतिष्ठानले छनौट समितिमा पठाउनु पर्नेछ। छनौट समिति यस मापदण्डले तोके बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार प्रतिष्ठानले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ।

५. **लागत साझेदारी रकम**: प्रतिष्ठान बाट उपलब्ध गराईने लागत साझेदारी रकम वैज्ञानिक अनुसन्धान प्रस्तावको कूल लागतको असी प्रतिशत भन्दा बढी हुने छैन।

६. **लागत साझेदारी रकमको निर्धारण**: प्रतिष्ठानले छनौट समितिको सिफारिसमा लागत साझेदारीग्राहीलाई उपलब्ध गराउने लागत साझेदारी रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ।

७. **लागत साझेदारीग्राही सँग सम्झौता गर्नुपर्ने**: (१) प्रतिष्ठानले लागत साझेदारीग्राहीको छनौट र लागत साझेदारी रकमको निर्धारण भए पश्चात लागत साझेदारीग्राहीसँग सम्झौता गर्नेछ।

(२) सम्झौतामा लागत साझेदारीग्राहीले कार्य शुरु गर्नुपर्ने समय, कार्य सम्पन्न गर्नुपर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम लागत साझेदारी उपलब्ध गराईने समय तालिका उल्लेख गर्नु पर्नेछ।

८. **असुल उपर गर्नुपर्ने**: प्रतिष्ठानले यस मापदण्ड बमोजिम प्रवाह भएको लागत साझेदारी रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

९. **लागत साझेदारीग्राही छनौट समिति**: लागत साझेदारीग्राही छनौट गर्न देहाय बमोजिमको एक छनौट समितिको गठन गरिनेछ :

| | |
|---|---|
| (क) अनुसन्धान व्यवस्थापक | संयोजक १ जना |
| (ख) मन्त्रालय प्रतिनिधि | सदस्य १ जना |
| (ग) अर्थ मन्त्रालय प्रतिनिधि | सदस्य १ जना |
| (घ) गण्डकी प्रदेश भित्रको सम्बन्धित विषय अध्यापन हुने अध्ययन संस्थानमा प्राध्यापनरत प्रतिनिधि | सदस्य १ जना |
| (ङ) योजना आयोगका प्रतिनिधि | सदस्य १ जना |

१०. **लागत साझेदारीग्राही जिम्मेवार हुने**: कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी लागत साझेदारी रद्द भएमा वा लागत साझेदारीको रकम पूरा भुक्तानी नभएमा लागत साझेदारीग्राही स्वयं जिम्मेवार हुनेछ।

११. **कार्य क्षेत्रगत सम्झौता गर्नुपर्ने** : प्रतिष्ठानले अनुसन्धान सँग सम्बन्धित विषयसँग सम्बन्धित छुट्टाछुट्टै वा एकमुष्ट कार्यक्षेत्रगत शर्त तयार गर्न सक्नेछ।

**१२. आवेदकको योग्यता**: (१) विश्वविद्यालय/अध्ययन संस्थान, विज्ञान क्षेत्रको अध्ययन, अनुसन्धानमा संलग्न रहेका गैह्र सरकारी संस्था

(२) आवेदकविज्ञान सम्बन्धी काम गर्ने कम्पनीहरु वा अन्य उपयुक्त संस्थाहरु भएमा कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ।

(३) आवेदकले लेखा परिक्षण/कर चुक्ता एवं नविकरण पुरा नियमित गरेको हुनुपर्नेछ।

**१३. मूल्याङ्कन सम्बन्धी व्यवस्था:**

| **क्र. सं.** | **मूल्याङ्कनका सूचकहरु** | **अङ्कभार** |
|---|---|---|
| १ | भौतिक क्षमता | |
| | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल | १० |
| | पूर्वाधारको अवस्था(प्रयोगशाला, यन्त्रालय, उपकरण आदी) | २० |
| २ | प्राविधिक क्षमता | |
| | प्रस्तावित कार्यक्रमसँग मेल खाने कृयाकलापमा हाल संलग्नता | १० |
| | आवेदन सँग सम्बन्धित विषयको विज्ञ | १० |
| ३ | लागत साझेदारी | १० |
| ४ | संस्थागत क्षमता | |
| | संस्थागत कृयाशिलता | १० |
| ५ | प्रस्ताव सँग सम्बन्धित अनुसन्धान योजना | ३० |
| | **जम्मा** | १०० |

**१४. विविध** : यस मापदण्डमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ।